# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं


पत्र सङ्ख्या : DIV-10/०८१/८२
चलानी नं. :- ३२६९५

मितिः २०८१।०९।२१
११४५ प्वहेलाथ्वः ६

विषयः सुझावहरू पठाईएको।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।

यस आयोगको संवैधानिक जिम्मेवारी बमोजिम सार्वजनिक निकायबाट हुने विकासात्मक कार्यहरू तथा सेवा प्रवाहको क्रममा हुने अनियमितता र भ्रष्टाचारका उजुरीहरुको छानबिन/अनुसन्धानको सिलसिलामा जानकारीमा आएका तथ्यहरूको आधारमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरू, सार्वजनिक संस्थानहरू, बोर्ड, विभाग एवं विभिन्न निकायसँग छलफल एवं सहजीकरण गरी सुझावहरु दिँदै आइएको छ।

यसै सन्दर्भमा मिति २०८१ मंसिर २ गते आयोगका पदाधिकारी र नियामक निकायहरु तथा सार्वजनिक संस्थानका प्रमुखहरुबीच भएको **"सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरूको प्रभावकारिता"** विषयक अन्तरक्रियामा छलफल भए अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (१) बमोजिम आयोगबाट दिइएका सुझावहरू यसैसाथ संलग्न छन्। उक्त सुझावहरू सम्बन्धित नियामक निकायहरू तथा सार्वजनिक संस्थानहरूमा पठाउने व्यवस्था हुन आयोगको मिति २०८१ पौष ११ को निर्णयानुसार अनुरोध छ।

२०८१/०९/२१
(नरहरि घिमिरे)
सहसचिव

सादर अवगतार्थः-

माननीय प्रमुख आयुक्तज्यूको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
माननीय आयुक्तज्यूहरूको सचिवालय (सबै), अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
श्रीमान् सचिवज्यूको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग।

बोधार्थः-

श्री महाशाखा प्रमुखज्यू (सबै महाशाखा), अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
श्री कार्यालय प्रमुखज्यू, (सबै कार्यालय), अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
श्री वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार ।
श्री सूचना प्रविधि शाखा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पत्र कार्यालय स्वचालन प्रणालीमा अपलोड गरिदिनुहुन।


फोन नं.: ०१-५२६२-१८०/१५१/०८८, टोल फ्रि नं.: १६६०-०१-२२२३३, हटलाइन नं.: १०७, पो. बक्स नं.: ९९९६
Web: www.ciaa.gov.np, E-mail: info@ciaa.gov.np

आयोगका पदाधिकारीहरू र नेपाल राष्ट्र बैंकका गभर्नर, नियामक निकाय र सार्वजनिक संस्थानका प्रमुखहरूसँग सुशासन, सेवा प्रवाह र विकास निर्माणको प्रभावकारिता कायम गर्ने सम्बन्धमा मिति २०८१ मंसिर २ गते भएको अन्तर्क्रियामा प्रस्तुत भएका सवालहरू र छलफलमा उठेका विषयहरू समेत समेटी आयोगबाट दिइएका सुझावहरूः

१. निजी क्षेत्रसँग प्रतिष्पर्धा गर्नुपर्ने सार्वजनिक संस्थानको कामको प्रकृतिको आधारमा खरिद सम्बन्धी फरक व्यवस्था गरी सार्वजनिक संस्थानलाई प्रतिष्पर्धी बनाउने वातावरण तयार गर्ने।

२. सार्वजनिक संस्थानहरूले आफ्नो व्यावसायिक कार्यसम्पादन, आर्थिक तथा वित्तीय क्षमता, कार्य प्रकृति, आवश्यकता र औचित्यको आधारमा भविष्यको दायित्वको उचित व्यवस्थापन गरेर मात्र कर्मचारीहरुलाई थप सेवा, सुविधा, लाभांश, आदि दिने व्यवस्था मिलाउने।

३. लेखापरीक्षण बक्यौता रहेका सार्वजनिक संस्थानहरूले सबै बक्यौता लेखापरीक्षण समयमै सम्पन्न गरी आर्थिक उत्तरदायित्व निर्वाह गर्ने, संस्थानहरूमा रहेको बेरुजू फछ्र्यौटमा तदारूकता देखाई शुन्य बेरुजू गराउने। नियामक निकाय तथा तालुक मन्त्रालयले नियमित लेखापरीक्षण नगर्ने संस्थानहरूलाई वित्तीय तथा प्रशासनिक कडाई गरी कारवाही गर्ने, त्यस्ता संस्थानको कार्यकारी प्रमुखलाई आर्थिक तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा कानुनबमोजिम जिम्मेवार बनाउने।

४. सार्वजनिक संस्थानमा रहेका खरिद कार्यमा प्रतिष्पर्धा सीमित तुल्याउने गरी स्पेशिफिकेसन तयार गर्ने, आयोजना टुक्रा-टुक्रा पार्ने, Bulk Bundle खरिद गर्ने गरी Tender गरेर स्थानीय र नेपाली आपूर्तिकर्ता/उत्पादकले प्रतिस्पर्धामा सहभागी हुन नसक्ने जस्ता वेथितीको अन्त्य गर्दै सबै सार्वजनिक निकायहरूले प्रत्येक खरिद कार्यलाई पारदर्शी र प्रतिस्पर्धी बनाउने।

५. औद्योगिक क्षेत्रहरूमा जुन प्रयोजनका लागि जग्गा लिजमा लिएको हो, सो बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्ने, लामो समयसम्म ओगटेर राख्ने (होल्ड गर्ने), अर्कोलाई भाडामा दिने, उत्पादनशील उद्योग बाहेक अन्य प्रयोजनमा समेत लिजमा दिने जस्ता गलत प्रवृत्ति देखिएकोले यस्तो प्रवृत्ति अन्त्य गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सम्झौतित पक्षलाई कानुनी कारवाही गरी उद्योग सञ्चालनका लागि मात्र औद्योगिक क्षेत्रको जग्गा प्रयोग गर्ने व्यवस्था कार्यान्वयन गर्ने।

६. नेपाल विद्युत् प्राधिकरणबाट विद्युतीय तार भूमिगत गर्ने कार्यमा ढिलाई भएकोले उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सम्बन्धित अन्य निकाय, सडक विभाग र काठमाडौं महानगरपालिका समेतको समन्वय र सहयोगमा कार्य सम्पादनमा शीघ्रता ल्याउने।

७. वायुसेवा प्रदायकहरूले माग वृद्धिको फाइदा उठाउन कार्टेलिङ् र सिन्डिकेट गरी अत्यधिक भाडा लिने गरेकोले उक्त प्रवृत्तिको अन्त्य गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको अग्रसरतामा सम्बन्धित निकायले प्रभावकारी नियमन र निगरानी गर्ने।

८. काठमाडौं उपत्यकामा मेलम्चीको खानेपानी वितरणलाई नियमित र निरन्तर बनाउने। खानेपानीका पुराना पाइपलाइनको समेत शीघ्र मर्मत सम्भार तथा क्षमता नपुग्ने पाइपलाइन प्रतिस्थापन गरी खानेपानी मन्त्रालयको अग्रसरतामा काठमाडौं उपत्यका खानेपानी लिमिटेडले सम्बद्ध निकायहरुको समन्वय र सहयोगमा खानेपानीको सहज आपूर्ति सुनिश्चित गर्ने।

९. स्मार्ट सिटी, बाहिरी चक्रपथ आदि निर्माणका नाममा लामो समयदेखि व्यक्तिको जग्गा रोक्का राखिएको तर, आयोजना निर्माण कार्य अगाडि बढ्न नसकेको अवस्थामा उक्त जग्गा रोक्का राख्नुपर्ने/नपर्ने सम्बन्धमा सहरी विकास मन्त्रालयले शीघ्र निर्णयमा पुगी उक्त समस्याको उचित सम्बोधन गर्ने।

१०. सम्बन्धित निकायबाट अनुमति नै नलिई जग्गा प्लटिङ् गर्ने तथा खण्डीकरण गर्ने प्रवृत्तिलाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सम्बन्धित स्थानीय तहहरूले नियन्त्रण गर्ने।

११. यन्त्र, उपकरण, सामग्री, सफ्टवेयर, कच्चा पदार्थ आदि खरिद गर्दा सम्बन्धित निकायले उक्त सामग्रीको आवश्यकता र उपलब्धता पछि तत्काल संचालन हुन सक्ने सुनिश्चितता गरेर मात्र खरिद गर्न उपयुक्त हुने।

१२. सबै सार्वजनिक निकायहरूले प्रत्येक आर्थिक वर्षको जिन्सी निरीक्षण प्रतिवेदनका आधारमा लिलाम गर्नुपर्ने यन्त्र, उपकरण लगायतका जिन्सी मालसामान प्रचलित कानून बमोजिम समयमै लिलाम गर्ने, गराउने।

१३. सबै सार्वजनिक निकायहरूले संरक्षण गर्नुपर्ने र धुल्याउन मिल्ने कागजात वर्गीकरण गरी संरक्षण गर्नुपर्ने कागजातलाई Digitized गर्ने र अनावश्यक कागजात धुल्याउने तथा अनावश्यक सामग्री लिलाम गर्ने कार्यलाई अभियानको रूपमा अघि बढाउने।